# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वाराप्रकाशित

खण्ड ४) मुसिकोट,गुल्मी,माघ ३० गते,२०७७ साल(संख्याः१३

## भाग-१

### मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिकाको स्थानीय वन ऐन, २०७७

विषद कोषबाट गरिने खर्चलाई पारदर्शी र प्रभावकारी बनाउन स्थानीय सरकार सन्चालन ऐन, २०७४ तथा मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधिनियमित गर्ने ऐन २०७४" को दफा ३ ले दिएको अधिकार प्रयोग गरि मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# विपद व्यवस्थापन तथा राहत कोष सन्चालन कार्यविधि, (प्रथम संसोधन २०७७ )

प्रमाणिकरण मिति २०७७ १०।

प्रस्तावना

प्राकृतिक तथा अन्य कारणले हरेक वर्ष हुने बाढी पहिरो,महामारी,झाडा पखाला, आगलागी र भूकम्प जस्ता विपद्बाट सिर्जना हुने भौतिक एवं मानवीय क्षतिलाई न्युनिकरण गर्न तथा राहत, उद्दार कार्यका लागि विषद कोषबाट गरिने खर्चलाई पारदर्शी र प्रभावकारी बनाउन स्थानीय सरकार सन्चालन ऐन, २०७४ तथा मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधिनियमित गर्ने ऐन २०७४" को दफा ३ बमोजिम मुसिकोट नगरकार्यपालिकाबाट जारी भएको "विपद् व्यवस्थापन तथा राहत कोष सन्चालन कार्यविधि २०७४"(यस पछि मूल कार्यविधि भनि सम्वोधन गरिएको )लाई समय अनुकूल परिमार्जन गर्न आवस्यक भएकोले मुसिकोट नगर कार्यपालिकाबाट यो कार्यविधि जारी गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र** प्रारम्भ :- (१)यस कार्यविधीको नाम"मुसिकोट नगरपालिकाको विपद व्यवस्थापन तथा राहत कोष सन्चालन कार्यविधि प्रथम संसोधन २०७७" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **मूल कार्यविधिको दफा ४ को उपदफा १ मा संसोधनः**-मूल कार्यविधिको दफा ४ को उपदफा १ को सट्टा देहायको उपदफा राखिएको छ -

(१)विपद व्यवस्थापन तथा राहत कोष सन्चालन कार्यविधि २०७४ को सञ्चालन तथा आवश्यक नीति निर्माण तथा निर्देशनका लागि देहाय वमोजिमका सदस्य रहने गरी एक बिपद व्यवस्थापन समिति रहनेछ ।

- नगरपालिका प्रमुख – संयोजक
- नगरपालिका उपप्रमुख – सदस्य
- प्रमुख प्रशासकीय अधिकृत – सदस्य
- कार्यपालिका सदस्यहरु मध्ये नगरप्रमुखबाट मनोनित २ जना सदस्य सदस्य
- वातावरण तथाविपद् व्यवस्थापन समितिको संयोजक - सदस्य
- स्थानीय प्रहरी चौकीका प्रतिनिधि – सदस्य
- इन्जिनियर/प्राविधिक शाखाप्रमुख – सदस्य
- नेपाल रेडक्रस सोसाइटी नगर शाखाप्रतिनिधि – सदस्य
- नगरपालिकाको स्वास्थ्य संयोजक – सदस्य
- प्रशासन शाखाप्रमुख – सदस्य सचिव

व्यवस्थापन समितिको बैठकमा अन्य विशेषज्ञ समेत आमन्त्रण गर्न सकिनेछ ।

**३. मूल कार्यविधिको दफा ८ को उपदफा १ मा संसोधन**:- मूल कार्यविधिको दफा ८ को उपदफा १ को सट्टा देहायको उपदफा राखिएको छ -

(१)यस कोषकालागि विनियोजित रकम नगरपालिका विपद् व्यवस्थापन कोषको खातामा जम्मा गरि रु. ५,००० सम्मको लागि वडा समिति, रु. ३०,००० सम्मको लागि नगर विपद ब्यवस्थापन समितिको निर्णय र रु. ३०,००० भन्दा माथिको लागि नगर कार्यपालिकाको निर्णय वमोजिम हुनेछ ।

**४. मूल कार्यविधिको दफा १० मा संसोधन**:- मूल कार्यविधिको दफा १० को सट्टा देहायको दफा राखिएको छ -

**१०.आपतकालिन राहततथा उद्धार**:

(क) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु. ३०,०००। का दरले मृतकका परिवारलाई सहयोग उपलव्ध गराउने ।

मुसिकोट राजपत्र

(ख) विपदबाट घर गोठ पूर्णरुपमा नष्ट भएका परिवारलाई रु.१०,००० देखि रु.२५,०००।सम्म, आंशिक घरगोठ क्षतिभएमा क्षतिको विवरण हेरि तत्काल मर्मतको लागि रु ३,००० देखि रु १५,००० सम्म र सम्भावित जोखिमका कारण घर छोडी अन्यत्र आश्रय लिएका परिवारलाई प्रति परिवार रु.२,००० देखि रु. १०,०००। सम्म राहत सहयोग उपलव्ध गराउने ।

(ग) विपद्को घटनामा परी घाइते भएकालाई अस्पतालबाट उपचार गर्न स्वास्थ्यकर्मीको सिफारिसमा प्रति व्यक्ति रु ५००० ।सम्म यातायात खर्च दिइनेछ ।

(घ) विपद्को समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखिशिविर संचालन,आवश्यक सहयोग र समन्वयगर्ने ।

(ङ) पीडितहरुलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही राहत सहयोग उपलव्ध गराइने छ । तर समितिबाट अनुमोदन गराउने गरी तत्काल उपलव्ध गराउनु पर्ने तोकिएको राहत रकम विपदब्यवस्थापन समितिको संयोजकको लिखित स्विकृतिमा बैठकबाट अनुमोदन गराउने गरि रु.३०,०००। सम्म उपलब्ध गराउन सकिनेछ ।

(च) आर्थिक अवस्था अत्यन्त कमजोर भएका र घर वा गोठ जलि विपदमा परेका विपन्न परिवारलाई यस कार्यविधिमा उल्लेख भएको राहत रकमका अलवा घर वा गोठ निर्माणका लागि समितिको निर्णय बमोजिम जस्तापाता उपलव्ध गराउन सकिने छ ।

(च) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको ३५ दिनभित्र प्रहरी सरजिमिन मुचुल्का तथा अन्य आवश्यक कागजात सहित समितिमा निवेदन पेश गर्नु पर्नेछ । मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन समेत आवश्यक पर्नेछ ।

(छ) विपद राहत सहयोग माग गर्दा निवेदन सहित वडा कार्यालयको सिफारिस , प्रहरी रिपोर्ट पेश गर्नुपर्नेछ ।

**प्रमाणिकरण मिति**

२०७७।१०।०६

**आज्ञाले,**
**खिमानन्द भुसाल**
**प्रमुख प्रशासकीय अधिकृत**

मूल्यरू १०

मुसिकोट राजपत्र